का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ वैशाख २०८०,
मंगलबार
9 May 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १०३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# १५ महिनापछि नेतृत्व पाउँदै न्यायालय
## प्रधानन्यायाधीशमा कार्की सिफारिस

संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा सिफारिस भएका व्यक्तिउपर संसदीय सुनुवाइ हुनुपर्छ । त्यसपछि मात्रै न्यायालयले औपचारिक रुपमा नेतृत्व पाउनेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

प्रधानन्यायाधीशमा हरिकृष्ण कार्कीको नाम सिफारिस भएको छ । सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिं हदरबारमा बसेको संवैधानिक परिषद्को बैठकले कार्कीलाई प्रधानन्यायाधीश नियुक्ति सिफारिस गरेको हो ।

परिषद् बैठकमा सहभागी कानून न्याय तथा संसदीय मामिलामन्त्री धन राज गुरुङका अनुसार सोमबारको परिषद् बैठकको एउटै एजेण्डा प्रधानन्यायाधीशमा नाम सिफारिस गर्नु थियो। सोही अनुसार प्रस्ताव आएको र सर्वसम्मत निर्णय भएको उनले जानकारी दिए ।

### साउन २० गते कार्कीले पाउनेछन् अवकाश

हरिकृष्ण कार्की अहिले सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश छन्। उनी आउने साउन २० गते उमेरहदका कारण अवकाश पाउने छन् । प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीशले ६५ वर्ष उमेर पुगेपछि अवकाश पाउने व्यवस्था छ ।

तीस वर्ष वकालत पेशामा रहेका कार्की २०७२ सालमा महान्यायाधिवक्ता भएका थिए । त्यसअघि उनी नेपाल बार एसोसिएसनको अध्यक्ष थिए । २०७३ साल साउन १७ मा सर्वोच्च अदालतको न्यायाधीशमा उनी नियुक्त भएका थिए ।

गएको असोजदेखि उनी कायममुकायम प्रधानन्यायाधीशको रूपमा काम गर्दै आएका छन्।



सम्माननीयज्यूको निरन्तरको पहलपछि न्यायालयमा भएको नेतृत्वको गत्यावरोधको अन्त्य भएको छ ।

**रमेश मल्ल**
स्वकीय सचिव, प्रधानमन्त्री प्रचण्ड

कार्की हाल कामु प्रधानन्यायाधीश छन् । अब कार्कीको संसदीय सुनुवाइपछि राष्ट्रपतिले नियुक्ति गर्नेछन्। संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशमा सिफारिस भएका व्यक्तिउपर संसदीय सुनुवाइ हुनुपर्छ । त्यसपछि मात्रै न्यायालयले औपचारिक रुपमा नेतृत्व पाउनेछ ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता भएपछि दीपककुमार कार्की कामु

»» पृष्ठ २ मा





सिंहदरबारमा सोमबार बसेको संवैधानिक परिषद्को बैठकमा सहभागी प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपसभामुख इन्दिरा राना, कानून,न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ र प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओली । तस्बिर: प्रदीपराज वन्त/रासस

# सांसदले संसदमै खोले कपडा

आफूलाई बोल्न नदिएको भन्दै स्वतन्त्र सांसद अमरेशकुमार सिंहले सर्ट र गञ्जी खोलेर विरोध जनाएका हुन् ।

मैले स्टन्ट गरेको होइन । भ्रष्टाचारको विषयमा संसदमा बोल्नका लागि सभामुखसँग आकस्मिक समय मागेको हो । समय नपाए कपडा खोल्छु भनेर सभामुखलाई बैठक अगावै अवगत गराएको थिएँ ।

**अमरेशकुमार सिंह**
सांसद, स्वतन्त्र



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

स्वतन्त्र सांसद अमरेश कुमार सिंहले संसदमै कपडा खोलेका छन् । आफूलाई बोल्न नदिएको भन्दै स्वतन्त्र सांसद सिंहले कपडा खोलेका हुन् । उनले शरीरको पुरै कपडा खोलेका होइनन् । सर्ट र गन्जी खोलेर अर्धनग्न बनेका हुन् ।

सांसद सिंहले सोमबार प्रतिनिधिसभाको बैठकमा आकस्मिक समय माग गरेका थिए । सभामुखले समय नदिएपछि त्यसको विरोधमा उनले सर्ट र गञ्जी खोलेर विरोध जनाए ।

सांसद अर्धनग्न भएपछि सभामुख देवराज घिमिरेले संसदीय मर्यादाको ख्याल गर्न आग्रह गरे । संसद बैठकमा अशिष्ट, अश्लिल, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी बोल्न र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिङ्गलाई होच्याउने वा अरु कुनै किसिमले असर पर्ने गरी बोल्न र असंसदीय शब्द प्रयोग गर्न नहुने संसदीय मर्यादा छ। यो नियमावलीको व्यवस्था उलंघन गरेको भन्दै सभामुख घिमिरेले अन्यथा कारबाही हुने चेतावनी दिए ।

'तपाईंलाई म चेतावनी दिन चाहन्छु। तपाईं यो अशिष्ट व्यवहारबाट फर्केर आएर बस्नुस्,' सभामुख घिमिरेले भने । तर, सांसद

»» पृष्ठ २ मा

# नागरिकता विधेयकबारे निरन्तर संवादमा राष्ट्रपति

राष्ट्रपति पौडेलले दोस्रो दिन पनि नागरिकता विधेयकबारे कानून व्यवसायीहरुसँग छलफल गरेका हुन् । २०७९ असोजमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले दोस्रो पटक पनि नागरिकता विधेयक प्रमाणीकरण गरेकी थिइनन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

राष्ट्रपति रामचन्द्र पौडेलले संसदबाट दुई पटकसम्म पारित भए पनि राष्ट्रपति कार्यालयमा रोकिएको नागरिकता विधेयकबारे कानून व्यवसायीहरूसँग परामर्श लिएका छन् ।

राष्ट्रपति पौडेलले दोस्रो दिन सोमबार नागरिकता विधेयकबारे कानून व्यवसायीहरूसँग छलफल गरेका हुन्। २०७९ असोजमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले दोस्रो पटक पनि नागरिकता विधेयक प्रमाणीकरण गरेकी थिइनन्।

संसदका दुवै सदनबाट पारित भई अनुमोदनका लागि राष्ट्रपतिकहाँ पुगेको विधेयक अहिले राष्ट्रपतिले प्रमाणीकरण गर्न मिल्छ वा मिल्दैन भन्नेबारे राष्ट्रपति पौडेलले कानून व्यवसायीहरूसँग छलफललाई निरन्तरता दिएका हुन् ।

सोमबारको छलफलमा नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे र सर्वोच्च बारका अध्यक्ष हरिशंकर निरौला लगायत सहभागी थिए । उनीहरुसँग राष्ट्रपति पौडेलले राष्ट्रपतिसमक्ष आएको नागरिकता विधेयकको संवैधानिक अस्तित्व के हो ? भनी प्रश्न गरे ।

दुई-दुई पटक संप्रभु संसदबाट पारित भई आएको नागरिकता विधेयक म्यादभित्र प्रमाणीकरण नभएपछि जहिलेसुकै प्रमाणीकरण गर्न मिल्ने हो कि होइन ? भन्ने जिज्ञासा पनि राष्ट्रपति पौडेलको छ। यदि नागरिकता विधेयक व्युँतिने हो भने त्यसको संवैधानिक व्यवस्था के हो ?, प्रमाणीकरण नभई बसेको विधेयक संविधानको कुन व्यवस्थाअनुसार क्रियाशील हुन्छ ?, विधेयकले संसदमा पुनः प्रवेश पाउने हो भने वा राष्ट्रपतिले यही रूपमा प्रमाणीकरण गर्नुपर्ने हो भने संविधानको कुन व्यवस्थाअनुसार गर्न पाइने हो ? लगायतका प्रश्न राष्ट्रपतिका छन्। यदि संविधानमा कुनै कुरा स्पष्ट छैन भने अन्तर्राष्ट्रिय अभ्यास र प्रचलनअनुसार के-के गर्दा हुने हो ?, दुई-दुई पटक संसदले पारित गरेर राष्ट्रपतिसमक्ष आएको विधेयक फेरि फिर्ता गर्नुपर्ने हो भने त्यसको संवैधानिक व्यवस्था के हो ?, विधेयक पद्धती र प्रक्रियाअनुसार प्रस्तुत भइसकेपछि प्रमाणीकरण गर्नु वा नगर्नु राष्ट्रपतिको मर्जी र खुसीले हो भने संसदको सार्वभौमिकताको प्रश्न कहाँ जान्छ ? जस्ता प्रश्न गर्दै राष्ट्रपति पौडेलले नागरिकता विधेयकमा कानून व्यवसायीहरूसँग परामर्श लिएका हुन् ।

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार बचतपत्र नबिकेपछि सरकार दबाबमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ वैशाख

नेपाल राष्ट्र बैंकले आकर्षक ब्याजसहित खुला गरेको वैदेशिक रोजगार बचतपत्रमा विदेशमा रहेका नेपाली कामदारले यसपटक पनि खासै चासो देखाएनन् । राष्ट्र बैंकले वैशाख १७ गतेदेखि जेठ १४ गतेसम्म ९७ करोड ७५ लाख ७० हजार रुपैयाँको वैदेशिक रोजगार बचतपत्र २०८५ निष्काशन गरेको थियो।

तर अत्यन्तै थोरैले मात्र त्यसमा लगानी गरेको राष्ट्र बैंक स्रोतले बताएको छ । गत फागुनमा बिक्रीका लागि खुला गरिएको बचतपत्रको ब्याजदर १२.५० प्रतिशत रहेको थियो भने यस पटक राष्ट्र बैंकले बचतपत्रको ब्याजदर ११ प्रतिशत तोकेको थियो ।

चालू आर्थिक वर्षको बजेटमा नै सरकारले वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स खातामा सामान्यभन्दा बढी ब्याज दिइरहेको छ । तर सरकारले त्यसभन्दा आकर्षक ब्याज दिने गरी बचतपत्र बिक्री खुला गरेको थियो।

तर विगतका वर्षदेखि नै वैदेशिक रोजगार बचतपत्रप्रतिको अनाकर्षण यसपटक पनि दोहोरिएको बताइएको छ । राष्ट्र बैकले २०६७ सालयता हालसम्म १४ अर्ब ५८ करोड रुपैयाँको बचतपत्र बिक्री खुला गरेकोमा ७५ करोडको मात्रै बिक्री भएको राष्ट्र बैंकको तथ्यांक छ। जुन कुल रकमको ५.२० प्रतिशत मात्रै हो ।

बचतपत्रमा वैदेशिक रोजगारीमा रहेका अतिरिक्त वैदेशिक रोजगारीबाट फर्केको ६ महिना अवधि नपुगेका नेपाली नागरिक र गैरआवासीय नेपालीले आफ्नो परिवारको नाममा उक्त बचतपत्र खरिद गर्न सक्ने राष्ट्र बैंकले जनाएको छ। भारतमा रहेका नेपालीहरूले भने त्यसमा आवेदन गर्न पाउँदैनन् । बचतपत्रको ब्याज ६-६ महिनामा भुक्तानी हुनेछ । राष्ट्र बैंककाअनुसार उक्त बचतपत्रमा घटीमा १० हजार रुपैयाँ र बढीमा माग गरिएको कुल रकममा नबढ्ने गरी १० हजार रुपैयाँले भाग हुने रकममा आवेदन गर्न सकिने छ ।

वैदेशिक रोजगार बचतपत्र बिक्री हुन नसक्नुमा विदेशस्थित नेपाली दूतावासहरूको कमजोरी रहेको राष्ट्र बैंकको आंकलन छ ।

»» पृष्ठ २ मा

# सरकारकै छैन सामुदायिक विद्यालयप्रति विश्वास

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २५ वैशाख ।

नेपालको शिक्षालाई गुणस्तरीय बनाउन सार्वजनिक पद धारण गरेका उच्चपदस्थ व्यक्ति र कर्मचारीको छोराछोरी सामुदायिक विद्यालयमा पढाउनुपर्ने विषय लामो समयदेखि उठ्दै आएको छ । तरपनि सरकारी पद धारण गरेका व्यक्तिकै छोराछोरी भने उपत्यकाका महंगा स्कुलमा पढिरहेका छन् । अझ कतिपयले त बाहिर देशमा समेत पढाएर महंगो पैसा तिरेर पढाईरहेका छन् । सामूदायिक विद्यालयमा विद्यार्थीको संख्या घटेर शून्य हुने अवस्थामा पुग्दा समेत जनप्रतिनिधिले आफ्नै छोराछोरीलाई महंगो स्कुलमा पढाएको भन्दै सदनमा उक्त विषयले पुन प्रवेश पाएको छ । 'के हाम्रो देशका प्रधानमन्त्री, मन्त्री, सांसद र महत्वपूर्ण र सार्वजनिक पद धारण गरेका उच्चपदस्थ व्यक्ति र कर्मचारीका छोराछोरी, नातिनातिना सरकारी विद्यालयमा भेटिन्छन् ?' प्रतिनिधिसभा सदस्य ईश्वरी घर्तीले प्रश्न गरेकी छिन् । उनले सामुदायिक विद्यालय आर्थिक अवस्था कमजोर भएकाहरूका छोराछोरी मात्र पढ्ने विद्यालय हो भन्ने मान्यता स्थापित भएको बताएकी छिन् ।

नेपालको सामुदायिक विद्यालयमा पठाउने हजारौं शिक्षकले समेत आफ्ना छोराछोरीलाई निजीमा पठाएर आफैंप्रति अविश्वास गरिरहेका छन् । यता, संविधानको धारा ३१ (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र

»» पृष्ठ २ मा


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी:** DULSCO LLC — **शहर:** DUBAI

पूर्व स्वीकृत मितिः २०७९/१२/१५ — चलानी नं.:६०१९९०३० — LT. No.: 283621

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper/porter | 125 | 0 | स. काममा दक्ष | 975 | ३४,६७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता २०८० बैशाख २७ (भोलि), ३१ गते र जेठ १ गते (10, 14 & 15 May 2023) मा हुनेछ ।

नोट:
- प्याकेजिङ, लेबलिङ, डेटाइन्ट्री, लोडिङ, अनलोडिङ लगायतको काम गर्नुपर्नेछ ।
- व्यक्तिको योग्यता र क्षमताको आधारमा थप तलब अन्तर्वातामा तय गरिनेछ ।
- उमेर २१ वर्ष देखि ३८ वर्षसम्म ननाघेको हुनु पर्नेछ ।
- एप्रुभल रेडि भएकाले १० दिन भित्र उडिसक्नु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
श्रम इजाजत नं. ६३९/०६३/०६४

# स्पर निर्माणले बाँध सुरक्षित : डिभिजन प्रमुख झा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ वैशाख



रौतहटको गौर नगरपालिका वडा नं ६ सवगढादेखि पश्चिम रहेको लालबकैया नदीमा मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा निर्माण भएको स्परको सोमबार स्थलगत अनुगमन निरीक्षण गरिएको छ ।

प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको सहयोगमा गौर नगरपालिका संरक्षण कार्यक्रमअन्तर्गत बाँधसहित बस्ती बचाउने उद्देश्यले निर्माण गरिएको २ वटा स्परको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय रौतहटको अनुगवाइमा प्राविधिकसहित सञ्चारकर्मीहरुको टोलीले अनुगमन निरीक्षण गरेको हो ।

बाढी आउँदा बाँध कटानको उच्च जोखिम रहेको ठाँउमा पानीको तीव्र बहावबाट हुन सक्ने क्षतिलाई नियन्त्रण गर्नका लागि गौर नगरपालिका संरक्षण कार्यक्रमअन्तर्गत मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले पठाएको श्रमदानसहित ५० लाखको लागतमा उपभोक्ता समितिमार्फत २ वटा स्परको निर्माण कार्य सम्पन्न भएको डिभिजन प्रमुख सुमनकुमार झाले जानकारी दिए ।

मन्त्रालयको निर्देशनअनुसार गौर नगरपालिकाले जोखिम पूर्ण भएको ठाउँ छनोट गरी उपभोक्ता समिति गठनसमेत गरी दिएको आधारमा योजना कार्यान्वयन गरिएको प्रमुख झाले स्पष्ट पारे ।

स्पर निर्माणमा जग्गा विवादले समस्या उत्पन्न भएको बताउँदै नगरपालिकाको सहकार्यमा निर्माण कार्य सम्पन्न भएको उनले बताए । उनले बाढीको बढी जोखिम रहेको सो ठाउँमा स्पर निर्माण भएपछि सिंगो गाउँ सवगढासहित नगरपालिका सुरक्षित हुने बताए ।

१५ मिटर लामो र १२ मिटर चौडा तथा ०.८० मोटाइ भएको थ्री लेयरको स्पर बनाइएको प्रमुख झाले बताए । २ लाख ४४ हजार ५ सय ७० रुपैयाँ बराबरको जनश्रमदान तथा ४८ लाख ३ हजार ३ सय ५१ रुपैयाँ मन्त्रालयको अनुदानसहित ५० लाख ४७ हजार ९ सय २१ रुपैयाँको लागतमा प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य सम्पन्न भएको हो ।

तार जालीमा ढुंगा हालेर बनाइएको स्परको माटो पुर्ने कार्य मात्र बाँकी रहेकाले त्यो कार्य पनि छिट्टै सम्पन्न गराउने डिभिजन कार्यालयका इन्जिनियर नागेन्द्र साहले जानकारी दिए । बागमती नदी र लालबकैया नदीको बीचमा रहेको गौर नगरपालिका डुवानको उच्च जोखिममा रहेको हुँदा बाढीबाट हुन सकने भौतिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले मधेश प्रदेश सरकारले योजना ल्याएको इन्जिनियर साहको भनाइ छ ।

# आजदेखि कक्षा १२ को परीक्षा शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ वैशाख



आजदेखि कक्षा १२ को परीक्षा शुरु हुँदैछ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले देशभर शान्तिपूर्ण रुपमा परीक्षा सम्पन्न गर्न सबैमा आग्रह गरेका छन् ।

वार्षिक परीक्षामा देशभरबाट कूल चार लाख ६७ हजार तीन सय ८९ विद्यार्थी सहभागी हुँदैछन् ।

बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माका अनुसार परीक्षाका लागि देशभर एक हजार चार सय ५७ परीक्षा केन्द्र निर्धारण गरिएको छ । परीक्षाका लागि केन्द्राध्यक्ष, सह-केन्द्राध्यक्ष, निरीक्षक र सहायक नियुक्त गरी परीक्षाका लागि परिचालन गरिएको उनले बताए । यस वर्ष ५६ हजारभन्दा बढी विद्यार्थी ग्रेड वृद्धि परीक्षामा सहभागी हुने भएका छन् । उनीहरूले जति विषयमा कम नम्बर आएको थियो सोही विषयको मात्र ग्रेड वृद्धि परीक्षा दिनुपर्नेछ । तीन वा सोभन्दा बढी विषयमा 'नन ग्रेडेड' ल्याएका विद्यार्थीले यो वर्ष पूरै विषयको परीक्षा दिनुपर्ने भन्दै छ विषयकै परीक्षा फारम भरिए पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गरेसँगै अब नन ग्रेडेड ल्याएका विषयको मात्रै परीक्षा दिए पुग्ने भएको छ ।

# विवाहित महिलाहरुको एक दिने सौन्दर्य कार्यशाला गोष्ठी सम्पन्न

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २५ वैशाख



विवाहित महिलाहरुको एक दिने सौन्दर्य कार्यशाला गोष्ठी सम्पन्न भएको छ । काठमाडौंमा सम्पन्न ओरेन्टेसन गोष्ठीमा मधेश प्रदेश अन्तर्गत जिल्लाका सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, बारा, रौतहट लगायत झापा, मोरङ, सुनसरी, रुपन्देहीका अविवाहित तथा विवाहित महिलाहरुले सहभागिता जनाएका थिए ।

सौन्दर्यप्रति ज्ञान बढाउनको लागि गरिएको कार्यशाला गोष्ठीमा ब्रान्ड एम्बेसडर तथा सामाजिक कार्यकर्ता अनिता यादवले विवाहित महिलाहरुले सौन्दर्यलाई कसरी निखारता ल्याउने, स्वास्थ्य राख्ने, आफ्नो शरिरको प्रकृति अनुसार हेरचाह कसरी गर्ने भन्ने बारेमा जानकारी गराएकी थिइन् ।

उक्त कार्यशालामा महिला सशक्तिकरण अवधारणा अनुरुप विवाहित महिलाहरुको लागि सौन्दर्य प्रतियोगिता जेठ १ बाट कक्षाहरू शुरु हुने ब्रान्ड एम्बेसडर यादवले बताइन् । उनले अझै केही सिट बाँकी रहेको र इच्छुक महिलाले अझै सम्मिलित हुन सक्ने बताइन् ।

सो अवसरमा ब्रान्ड एम्बेसडर यादवले भनिन्, 'यो महिलाहरुका लागि एउटा ब्युटी प्रजेन्ट्स हो । विवाहपछि कतिपय महिलाहरु सोच्छन् कि हाम्रो जीवन अब सीमित भयो, तर होइन । जहिले पनि आफूलाई अपडेट राख्नुपर्छ । विवाहपछि महिलाको जीवन घरको चुलोचौकासम्म मात्र सीमित होइन । केही अध्ययन गर्न वा नयाँ कार्य गर्नका लागि उमेरले रोक्दैन । एउटा गृहिणीमा मात्रै सीमित नभएर आफूभित्र रहेका प्रतिभा पहिचान गर्नुपर्छ । जहिले पनि हामी भन्नुपर्छ कि 'आई एम द बेस्ट' ।' उनले हामीभित्र धेरै प्रतिभा हुने तर बाहिर ल्याउन नसकिरहेको बताइन् ।

उनले थपिन्, 'हामी जुन ठाउँमा बस्छौं, हुर्कन्छौं, त्यहि अनुसारको रहनसहन अपनाउनुपर्छ । हाम्रो मधेशमा घुम्टो नराम्रो होइन, त्यो एउटा संस्कार हो । म पनि मधेशमा जाँदा साडि लगाउँछु, काठमाडौंमा त्यहि अनुसारको पहिरन लगाउँछु । समय परिवर्तनशील हो, समय परिवर्तन हुन्छ भने सोहीअनुसार हामी पनि किन परिवर्तन हुने त ? हामी पनि परिवर्तन हुनुपर्छ, हाम्रो सोच पनि परिवर्तन हुनुपर्छ र यसको निम्ति आफुलाई कमजोर ठान्नु हुँदैन । कसैसँग नडराइ व्यूटी प्रजेन्ट्स गरी प्रभावशाली बन्नु पर्दछ ।'

# दलित परिवारको नि:शुल्क स्वास्थ्य बीमा

**धनुषा/मस**-धनुषाको औरही गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सात वटै वडामा बसोबास गर्ने दलित परिवारको स्वास्थ्य बीमा गर्ने भएको छ ।

गाउँपालिकाका अध्यक्ष उमाशंकरप्रसाद साहले गाउँपालिकामा रहेका दलित समुदायको स्वास्थ्यमा पहुँच स्थापित गर्ने उद्देश्यले चालु आर्थिक वर्षमा स्वास्थ्य बीमा गर्न लागिएको जानकारी दिए । प्रारम्भिक तथ्याङ्कअनुसार सात वटा वडामा बस्ने करिब सात सय ३५ परिवारको स्वास्थ्य बीमा गरिने उनले बताए ।

'यहाँका अधिकांश दलित परिवारका सदस्य आर्थिक अभावका कारण स्वास्थ्य संस्थामा जान नसक्ने र उपचार गर्नै परेमा ऋण लिनुपर्ने अवस्थामा छन्', अध्यक्ष साहले भने, 'त्यही समस्यालाई मध्यनजर गरी चुनावमा गरेको स्वास्थ्य बीमा गर्ने प्रतिवद्धता अनुसार काम गर्न लागिएको हो ।' बीमाका लागि प्रतिपरिवार तीन हजार पाँच सय गाउँपालिकाले बेहोर्ने निर्णय भइसकेको उनको भनाइ छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सविरकुमार महतोले अहिले दलित परिवारको तथ्यांक संकलनलगायतका काम भइरहेकाले सो प्रक्रिया सकिएलगत्तै बीमाको काम अगाडि बढ्ने जानकारी दिए ।

'तीन हजार पाँच सय बीमा रकम तिरेपछि बीमितले एक लाख बराबरको औषधी उपचार गर्ने सरकारको नीति छ, तर स्थानीय नागरिकलाई यस विषयमा धेरै जानकारी छैन ।

### प्रधानन्यायाधीशमा...

प्रधानन्यायाधीश भएका थिए । उनी उमेर हदका कारण अवकाश भएपछि ११ असोज २०७९ मा कामु प्रधानन्यायाधीशको भूमिकामा थिए । १५ महिनापछि न्यायालयले नेतृत्व पाउने वातावरणका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निरन्तर सक्रियता देखाउनुपरेको बताउँछन् प्रधानमन्त्री प्रचण्डका स्वकीय सचिव रमेश मल्ल ।

संवैधानिक परिषदको बैठकले प्रधानन्यायधीसमा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीलाई सिफारिस गर्ने निर्णय गरेपछि मल्लले फेसबुकमा लेखेका छन्, 'सम्माननीय ज्युको निरन्तरको पहल पछि न्यायालयमा भएको नेतृत्वको गत्यावरोधको अन्त्य भएको छ ।' संवैधानिक परिषद्को सिफारिसलाई संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि प्रधानन्यायाधीश नियुक्त हुने व्यवस्था छ । तर संसदीय सुनुवाई विशेष समिति भने अहिलेसम्म गठन भएको छैन् ।

### सांसदले...

सिंहले मानेनन् । त्यसपछि सभामुख घिमिरेले सभामुखको निर्देशन नमान्दा कारबाही हुने चेतावनी दिए । त्यसपछि सांसद सिंह सर्ट लगाएर बसे ।

संसद भवन परिसरमा पत्रकारहरुसित कुरा गर्दै सांसद सिंहले आफूले बैठक अगावै समय नपाए कपडा खोल्ने जानकारी सभामुख घिमिरेलाई गराएको बताए ।

'मैले स्टन्ट गरेको होइन । भ्रष्टाचारको विषयमा संसदमा बोल्नका लागि सभामुखसँग आकस्मिक समय मागेको हो । समय नपाए कपडा खोल्छु भनेर सभामुखलाई बैठक अगावै अवगत गराएको थिएँ' सांसद सिंहले भने ।

आफ्नो लागि सदन निवस्त्र भएको, जनताको लागि सदन निर्वस्त्र भएकाले आफूले त्यसको विरोधका लागि आफू नै निर्वस्त्र भएको उनको जवाफ छ ।

### वैदेशिक...

नेपाली कुटनैतिक नियोगमा कार्यरत कर्मचारी राष्ट्रिय हितभन्दा व्यक्तिगत हितमा केन्द्रित हुँदा वैदेशिक रोजगार बचतपत्रलगायत सरकारी नीतिहरूको महत्वको बारेमा प्रभावकारीरूपमा विदेशमा रहेका नेपाली समुदाय 'ड्यासापोरा'का बीचमा पुग्न नसकेको निष्कर्षसमेत निकालेको राष्ट्र बैंक स्रोतले बताएको छ । राजस्व संकलनको न्यूनताका कारणले आर्थिक समस्यामा परेको सरकारले यसपटक वैदेशिक रोजगार बचतपत्रलाई आन्तरिक ऋण उठाउने औजारका रूपमा समेत लिएको थियो । तर वैदेशिक रोजगारमा गएका नेपालीहरुले बचतपत्रमा चासो नदेखाएपछि सरकारलाई थप दबाब परेको बताइन्छ ।

### सरकारकै...

निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने व्यवस्था गरेको छ । तरपनि, महंगो शुल्क तिरेर सामुदायिक शिक्षाप्रतिको अविश्वास देखाउन जनप्रतिनिधि नै अगाडि छन् ।

तथ्यांक नै हेर्ने हो भने पनि पछिल्लो ५ वर्षको तथ्यांकअनुसार सामुदायिकमा १० लाख विद्यार्थी कम भएका छन्, निजीमा पढ्ने विद्यार्थीको संख्या उच्च छ । अनुसार आधारभूत तह अर्थात् कक्षा १-८ मा सामुदायिकतर्फ २०७४ मा ४८ लाख ५७ हजार विद्यार्थी भर्ना भएका थिए भने गत वर्ष ३८ लाख ७९ हजारमात्रै भर्ना भएका छन् । उता, पाँच वर्षअघि निजीमा ९ लाख ८० हजार भर्ना भएका थिए भने २०७८ मा भर्ना हुनेको संख्या १४ लाख ४६ हजार पुगेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्यांकले देखाउँछ ।

'यही तरिकाले जाँदा सामुदायिक विद्यालय अब पूर्ण रुपमै असफल हुने देखिन्छ, सरकारले विद्यार्थीको आकर्षण बढाउन ल्याएको खुद्रे कार्यक्रमको पनि प्रभावकारिता न्यून छ' शिक्षाविद् डा. विद्यानाथ कोईरालाले भने । उनले बढ्दो सहरीकरण, जनप्रतिनिधि र शिक्षकलाई नै सामुदायिक विद्यालयप्रतिको विश्वास नदेखिदाँ समस्या भएको बताएका हुन् ।

हुनपनि ७ सय ५३ वटा स्थानीय, ६ हजार ७ सय ४३ वडा, सात प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभाका जनप्रतिनिधिका छोराछोरीले सामुदायिक विद्यालयमा पढ्ने हो भने गुणस्तरमा सुधार गर्ने प्रयास पक्कै पनि हुन्थ्यो होला । तर, सामुदायिक विद्यालयमा पढाउनुपर्ने नियम बनाउनुहरुले नै उक्त नियमको उल्लंघन गरेपछि सामुदायिक विद्यालयमा विद्यार्थी संख्या झनै दयनीय बनेको हो ।


**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office (IDO)**
**Salyan, Nepal**

**Invitation for Bids**

**IFB No: 04-079/080**
**Date of First Publication: 9th May, 2023)**

- Infrastructure Development Office (IDO), Salyan invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under Sealed Quotation Procedures.

| S. N. | Contract Identification Number /Work Description | Estimated Amount without VAT and PS (NRs.) | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) | Bid Validity Period / Bid Security Period |
|---|---|---|---|---|---|
| 1 | IDO/SLN/SQ/G/01/79/80 | 1,194,354.20 | 34,000.00 | 1000.00 | 45/75 |
| 2 | IDO/SLN/SQ/W/26/79/80 | 846,023.00 | 37,000.00 | 1000.00 | 45/75 |
| 3 | IDO/SLN/SQ/W/27/79/80 | 1,602,290.22 | 48,000.00 | 1000.00 | 45/75 |
| 4 | IDO/SLN/SQ/W/28/79/80 | 1,133,918.41 | 34,000.00 | 1000.00 | 45/75 |

- Eligible Bidders may obtain further information at the office of ***Infrastructure Development Office, Salyan Phone No:- 088-401138* Or may visit PPMO e-GP System** www.bolpatra.gov.np/egp.
- Bidder have only option to submit their bid electronically may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.
- If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same specified for the original last date of bid submission.
- Other mandatory information as per public procurement Act. 2063 and Public procurement regulation 2064.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.



**गढवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गढवा देउखुरी, दाङ**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८०/०१/२६)**

यस कार्यालयको सूचना न.७/२०७९/८० अनुसार ई.बिडिंगमार्फत पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा निम्न व्यवसायीहरुको निम्न बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का न. | निर्माण व्यवसायी को नाम | न्युनतम मुल्यांकित कबोल अंक (मु.अ.क., पि. एस. तथा कन्टिन्जेंसी सहित) |
|---|---|---|---|
| १. | 10/NCB/ GRM /W/079/80 | C.brothers constructions & suppliers Pvt.Ltd | १,३७,३३,१३४.९१/- |

**नि.प्रमुख प्रशासकीय अधिकृत**



**टीकापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**टीकापुर , कैलाली**
**सुदुरपस्चिम प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकशित मिति २०८० /०१ /२६**

मिति २०७९ /११ /२२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिधुतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न निर्माण कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाता न्यून मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले मुल्यांकन समिति बाट छनौट भई स्वीकृतिको लागि सिफारिस भएकोले सार्बजनिक खरिद ऐन,२०६३को दफा २७ को उपदफा २ र ३ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं | आयोजनाको नाम/काम को विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर) सहित |
|---|---|---|---|---|
| १.० | **TMO/NCB/41/BUILD/2079/080** | वडा नं. ०१ समितिपुर, वडा नं.१ दक्षिण वनगाउ र वडा नं.०५ भगरैया स्थित वडघर निर्माण | श्री प्रकाश निर्माण सेवा, बान्नीगढी जयगढ अछाम | रु. ८५,७६,४२१।३६ |

**(प्रमुख प्रशासकिय अधिकृत)**

# अनुगमन नै नगरी साक्षर गाउँपालिका घोषणा

**ओबराज शाही / मध्यान्ह**
हुम्ला, २५ वैशाख




गाउँ तथा टोलमा अनुगमनको शुरुवात नै नगरी हुम्लाको सदरमुकाममा रहेको सिमकोट गाउँपलिकालाई साक्षर गाउँपालिका घोषणा गरिएको पाइएको छ। सिमकोट गाउँपलिकाका वडामा साक्षरता सिकाइमा रुपान्तरणको परिणाम नबुझी साक्षरता सिकाइमा खटिएका परिचालकको भरमा साक्षरता गाउँपालिका घोषणा गरिएको पाइएको हो ।

सोमबार भएको साक्षर गाउँपलिका घोषणा कार्यक्रममा सहभगी भएकी शान्ताम्मा लामाले आफूलाई कलम नै समात्न नआउने बताउँदै गाउँपालिकाबाट साक्षार सिकाइमा खटिएका परिचालिकासमेत नदेखेको बताइन् । उनले स्थानिय सरकारबाट यस्ता कार्यक्रम ल्याउनु राम्रो भएको तर यसको परिणाम कति भयो भनेर कसैको चासो नदेखिएको बताइन् । त्यस्तै हुम्लाको परिवेश बुझेर यस्ता कार्यक्रम गाउँमा सञ्चालन गर्नुपर्ने, तर गाउँमा कामको चटारोको बेला सञ्चालन गर्दा कार्यक्रम लाभदाय नभएको स्थानीय मुसी रोकायाले बताइन् । उनले भनिन्, 'हामीलाई साक्षर भनेको के हो थाहा नै छैन, तर हामी सहभगी भएका छौं ।'

सिमकोट गाउँपालिकामा कुन वडाको कति साक्षर नागरिक छन् भन्ने विवरण पनि नदेखिएको स्थानीयहरुको भनाइ छ । गाउँपालिकाभरि ९५ प्रतिशत साक्षर भनेर चित्त बुझउनु परेको उनीहरु बताउँछन् ।

सोमबार भएको साक्षर गाउँपलिका घोषणा कार्यक्रमको अध्यक्षता सिमकोट गाउँपालिकाका कार्यवाहक अध्यक्ष सुशीला रोकाया र प्रमुख आतिथ्यता कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीको रहेको थियो । कार्यक्रममा विशेष अतिथिमा कर्णाली प्रदेशका सांसद विजया बोहरा रहेका थिए भने खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्णबहादुर रावल, अदानचुली गाउँपालिका अध्यक्ष मोहनविक्रम सिंह, सर्केगाड गाउँपालिका अध्यक्ष ठानबहादुर रोकाय, प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेल, प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

# सिमकोट पूर्ण खोप सुनिश्चित गाउँपालिका

**हुम्ला / मस** – हुम्लाको सिमकोट गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिएको छ ।

गाउँपालिकाका कार्यवाह अध्यक्ष सुशिला रोकायाको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख आतिथि  कर्णाली प्रदेशका पूर्व मुख्य मन्त्री जीवनबहादुर शाही रहेका थिए । कर्णाली प्रदेशका सामानुपातिका संसद विजया बोहरा, खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्णबहादुर रावल, अदानचुली गाउँपालिका अध्यक्ष मोहनविक्रम सिह, सर्केगाड गाउँपालिका अध्यक्ष ठानबहादुर रोकाया, प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेल, प्रहरी नायव उपरीक्षक भिमलाल भटराई लगायतको उपस्थिति रहेको थियो ।

गाउँपालिका भित्रका सबै लक्षित बालबालिकाले जन्मिएदेखि १५ महिना र १६ देखि २३ महिना भित्रका बालबालिकालाई पूर्ण खोप प्राप्त गरी सुरक्षित हुन् भन्ने अभिप्रायले पूर्ण खोप  सुनिश्चित गाउँपालिका घोषणा गर्ने कार्यक्रम ल्याइएको हो । कार्यक्रममा पूर्व मुख्यमन्त्री शाहीले गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएकोमा पालिकाप्रति धन्यवाद ज्ञापन गरे ।

# रौतहटको कटहरियामा सर्पदंश उपचार केन्द्र स्थापना

**प्रेमचन्द्र झा / मध्यान्ह**
रौतहट, २५ वैशाख

रौतहटको ग्रामीण भेगमा सर्पदंश उपचार केन्द्र स्थापना भएको छ । कटहरिया नगरपालिकाले प्राथमिक स्वास्थ्य केन्द्रमा सर्पदंश केन्द्र स्थापना गरेको हो । कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश र नगर उपप्रमुख रिता देवी यादवले संयुक्तरुपमा सर्पदंश उपचार केन्द्रको एक कार्यक्रमबीच उद्घाटन गरेका छन् ।

कटहरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम प्रकाश साहले नगरपालिकाको व्यवस्थापनमा उक्त सर्पदंश केन्द्र सञ्चालन भएको जानकारी दिए । समयमा उपचार नपाउँदा सर्पको डसाइबाट वर्षेनी यस क्षेत्रका स्थानीयले अकालमै ज्यान गुमाउँदै आएका छन् । सर्प दंश उपचार केन्द्र स्थापना भएसँगै सर्पले डसेका बिरामीलाई उपचारका लागि वीरगञ्ज, गौर तथा चितवनको भरतपुर लैजानुपर्ने अवस्थाको अन्त्य हुने नगर प्रमुख प्रकाशले बताए । उद्घाटन कार्यक्रममा कटहरिया नगरपालिका ५ का वडा अध्यक्ष सर्फलाल गुप्ता, स्वास्थ्य संयोजक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# ३५ विद्यार्थी पुरस्कृत

**लक्ष्मण यादव / मध्यान्ह**
सर्लाही, २५ वैशाख

सर्लाहीको बरहथवा नगरपालिका-३ स्थित श्री सरस्वती माविका ३५ जना विद्यार्थीलाई विभिन्न पुरस्कारबाट पुरस्कृत गरिएको छ ।

सोमबार एक कार्यक्रमबीच कक्षा १ देखि ९ सम्मका पहिलो, दोस्रो र तेस्रो हुनेलाई शैक्षिक समग्री र विद्यालय प्रथम भएका एक-एक जना छात्र छात्रालाई २ हजार नगदसहित लाल इन्द्र स्मृति पुरस्कारबाट रमेश गिरी र डा. जंग बहादुर गिरीले पुरस्कृत गरे । गिरी दाजुभाइ स्वर्गीय लालबहादुर गिरी र इन्द्रमाया गिरीका सुपुत्र हुन् ।

त्यस्तै जेहेन्दार तथा विभिन्न विधाका ४ जना कलाकारलाई जनही १ हजार नगद र शैक्षिक समग्रीसहित डम्बर बहादुर थापा स्मृति पुरस्कारबाट पुरस्कृत गरिएको छ ।

त्यस्तै विभिन्न विधाका ४ जना कलाकारलाई शैक्षिक सामग्री र जनही १५ सय नगदसहित जगत प्रसाद रिजाल स्मृति पुरस्कारबाट पुरस्कृत गरिएको छ । स्वर्गीय जगत प्रसाद रिजाल चर्चित नेपाली हास्य कलाकार शिव शंकर रिजाल (जोगिन्दर पानबाला) का पिता हुन् ।

मावि हजरियाले आयोजना गरेको उक्त कार्यक्रममा वडा नं. ३ का वडा अध्यक्ष, समाजसेवी, शिक्षक, अभिभावक, विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।

**श्रीगणेश प्रोर्पटिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि.**
**(प्रा.लि.नं. ४४७२४/०६३/०६४) का शेयरधनीहरूलाई**

**शेयर बिक्रीको अत्यन्त जरूरी सूचना**

**प्रकाशित मितिः २०८०/०१/२६ गते**

यस कम्पनीका केही संस्थापक शेयरधनीहरुले आ-आफ्नो नाममा दर्ता कायम रहेको शेयरहरु **रु ११०/– प्रतिशेयर नघट्ने** गरि **जम्मा ६८२०० कित्ता शेयर** बिक्रीका लागि संचालक समिति समक्ष विभिन्न मितिमा निवेदन दिनुभएकोले इच्छुक साविकका शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र के कति कित्ता शेयर, कुन मूल्यमा लिने हो सो यकिन गरि कम्पनीको रजिष्टर्ड कार्यालय थापाथली काठमाण्डौमा प्रस्ताव पेश गर्नु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**श्रीगणेश प्रोर्पटिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि.**
थापाथली-११, काठमाण्डौ

**सूचना सूचना सूचना**

यस रोटरी ओभरसिज प्रा.लि. श्रम इजाजत पत्र नं. ५६२/०६२/०६३ ले धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.बि.स. वडा नं. ०२ भई हाल तनहुँ जिल्ला ब्यास न.पा. वडा नं. ४ बस्ने नन्दी केशर कोइरालाको छोरी वर्ष ३५ की लक्ष्मी कोइरालालाई प्रा.लि.को कर्मचारी नियुक्त गर्ने गरी तनहुँ जिल्ला ब्यास न.पा. वडा नं. ४ भोर्लेटार दमौलीमा शाखा कार्यालय खोल्ने गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ (२) तथा नियमावली २०६४ को नियम ७४ (२) तथा शाखा कार्यालय सञ्चालन कार्यविधि २०७९ बमोजिम प्रक्रिया अघि बढाइएकोमा वै.रो. ऐन तथा नियमावली बमोजिम कार्य गर्नुपर्नेमा निजको कार्य सन्तोषजनक नरहेकोले शाखा कार्यालय दिने प्रक्रिया रद्दको लागि यो सूचना प्रकाशित गरिएको छ । हालसम्म शाखा कार्यालयको अनुमतिको पत्र उक्त शाखा कार्यालयलाई उपलब्ध नगराइएको र प्रक्रियामा नै रहेको अवस्थामा रद्द गरिएकोले निज शाखा प्रमुख वा अन्य सो कार्यालयसँग सम्बन्धित भनिएका कुनै पनि व्यक्तिहरुसँग आर्थिक कारोबार तथा राहदानी बुझाउने कार्य नगर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । शाखा कार्यालय अनुमति नदिएको र प्रक्रियामा रहेको अवस्थामा कोही कसैले यस प्रा.लि.को नाम दिई कारोबार गरेको भएमा आजको मितिले सात दिनभित्रमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा वा प्रा.लि.को रजिष्टर्ड कार्यालयमा प्रमाणसहित उपस्थित हुन बिनम्र अनुरोध गर्दछौं । म्यादभित्रमा दाबी विरोध गर्न नआएमा शाखा कार्यालय रद्दको प्रक्रिया अघि बढाइने र तपाईंहरुको उजुरबाजुर नलाग्ने व्यहोरा यसै सूचनाद्वारा सर्वसाधारण सबैलाई जानकारी गराइन्छ ।

Govt. Lic. No. 562/062/063
**ROTARY OVERSEAS PVT. LTD.**
Basundhara-3, Kathmandu, Tel : 5903872 | 5903873
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

**कुवेतमा रोजगार** | कम्पनीः **GASTRONOMICA GENERAL TRADING**
शहरः **Kuwait**

पूर्व स्वीकृत मितिः २०८०/०१/२५ चलानी नं.: ६०२०१०८४ LT. No.: 285642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT SERVER | 3 | 5 | स. काममा दक्ष | 150 | ६३,९५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barista | 3 | 0 | | 170 | ७२,४८० | | | | | | | |
| 3. | Bartender | 2 | 0 | | 155 | ६६,०८४ | | | | | | | |
| 4. | Commis II | 5 | 0 | | 170 | ७२,४८० | | | | | | | |
| 5. | COMMIS II-BAKERY/PASTRY | 0 | 2 | | 180 | ७६,७४३ | | | | | | | |
| 6. | Commis III | 5 | 4 | | 150 | ६३,९५३ | | | | | | | |
| 7. | COMMIS III-BAKERY / PASTRY | 3 | 3 | | 160 | ६८,२१६ | | | | | | | |
| 8. | Hostess | 0 | 2 | | 180 | ७६,७४३ | | | | | | | |
| 9. | KITCHEN ASSISTANT /DISHWASHER | 6 | 0 | | 135 | ५७,५५७ | | | | | | | |
| 10. | line cook | 5 | 0 | | 150 | ६३,९५३ | | | | | | | |
| 11. | Waiter/Server | 5 | 5 | | 150 | ६३,९५३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २ गते (16 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
CHITWAN : (9802909595 | 056-595592), BUTWAL : (9857077841 | 071-533111)
BIRTAMOD : (9807981913 | 023-532754), POKHARA : (9856036099 | 061-590737)

हिमालय एअरलाइन्स्
HIMALAYA AIRLINES

**CAREER OPPORTUNITY**

Himalaya Airlines' network presently consists of Doha, Dammam, Riyadh, Dubai, Dhaka, Kuala Lumpur, Kuwait & China sectors. Interested candidates are requested to send in applications for the following posts:

First date of publication : May 09, 2023

**DEPARTMENT : FLIGHT OPERATIONS**

**TRE/TRI/ LTC** | **Vacancy Code : H9/FOD/0012023** | **Required No. : 5 TRE, 5 TRI, 8 LTC**

• Age limit below 63 years • Valid ICAO recognized Air Transport Pilots License • Minimum 7000 hours flight time with at least 4000 hours on Jet aircraft with MTOW greater than 50000 kgs for TRE & at least 3000 hours for TRI • Minimum 4000 hours flight time with at least 2000 hours PIC on Jet aircraft with MTOW greater than 50000 kgs for LTC • TRE/TRI should have a type specific experience of 3000 hours • LTC should have approved instructor course certificate with a minimum of 1000 hours experience on A-320 series as LTC • English Language Proficiency 5 preferred but minimum 4 is mandatory • Candidate must have relevant course certificate

**Line Captain (LC) A320 Type Rated** | **Vacancy Code : H9/FOD/0042023** | **Required No. : 28**

• Age limit below 63 years • Valid ICAO recognized Air Transport Pilots License • Minimum 4000 hours total flight time with at least 2500 hours on MTOW greater than 50000 kgs aircraft • 500 hours PIC on A-320 series • English Language Proficiency 5 preferred but minimum 4 is mandatory

Please fill-up the form & upload your updated resume, a copy of pp size photo, scanned copy (ies) of your qualifications & copy of citizenship etc. using the link: https://forms.gle/ZCXQsKY1B7wGVDwQ7.
Only shortlisted candidates will be contacted. Phone calls will not be entertained.
Deadline: 15 days from the first date of publication.

हिमालय एअरलाइन्स्
HIMALAYA AIRLINES

**CAREER OPPORTUNITY**

Himalaya Airlines' network presently consists of Doha, Dammam, Riyadh, Dubai, Dhaka, Kuala Lumpur, Kuwait & China sectors. Interested candidates are requested to send in applications for the following posts:

First date of publication : May 09, 2023

**Vice President - Operations** | **Vacancy Code : H9/CO/0012023** | **Required No. : 01**

**Duties and Responsibilities:**
• Allocate resources to manage safety risks and security threats to aircraft operations •Ensure that operations are conducted in accordance with the AOC and in compliance with applicable regulations and Himalaya Airlines (HIM) standards and policies (directly or through delegation) • Ensure optimal facilities management to balance cost, efficiency and effectiveness of supporting infrastructure •Ensure financial planning and control of the Operation Division •Ensure sufficient human resources are made available to all HIM departments to ensure and confirm it to legal and operational standards

**Qualification Requirements:**
• Minimum 10 years airline industry experience • Holder of ATPL license • Minimum 5 years' experience as Pilot in Command on A-320 Aircraft type • Minimum 3 years' experience in Senior Management of a scheduled passenger carrier operating large aircraft over 50 tons within recent 6 years

**Sales Division Manager** | **Vacancy Code : H9/CITGO/004023** | **Required No. : 01**

**Duties and Responsibilities:**
• Lead the passenger sales, marketing and customer sales team to ensure smooth operations and deliver excellent services to the customers • Prepare sales strategies to increase revenue of Himalaya Airlines •Suggest ways and means for effective sales promotion by which more traffic could be generated • Make all possible endeavors to enhance the image, good will and reputation of Himalaya Airlines • Send traffic related statistics and MIS on regular basis • Develop, review and optimize trading strategies against key competitors • Monitor/ Supervise all the sales related activities • Suggest ways and mention to improve yield

**Qualification Requirements:**
• Master's degree from a reputed university • Fluent in written and spoken English with knowledge of Chinese Culture to deal with Chinese clients • Knowledge of permit processing for China sectors • Minimum 15 years of experience in International Airlines

Please fill-up the form & upload your updated resume, a copy of pp size photo, scanned copy (ies) of your qualifications & copy of citizenship etc. using the link: https://forms.gle/4dYhrZ5p7EY2as1Y9.
Only shortlisted candidates will be contacted. Phone calls will not be entertained.
Deadline: 15 days from the first date of publication.

**Invitation for Sealed Quotation**

***PANCHKHAL MUNICIPALITY***
***OFFICE OF MUNICIPAL EXECUTIVES***
***PANCHKHAL, KAVREPALANCHOK***
***BAGMATI PROVINCE, NEPAL***

**Invitation for Sealed Quotation**

**Date of publication: 2080/01/26**

**Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in table below) .**

| S. N. | IFB NO. | Description of work | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| 1 | PMW12/SQ/ WORKS/02/2079/080 | Bahrabise Deep Boring Ward No. 12 | 45,000/- | 1,000/- |

| Office code | Name of the bank, office account no | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|
| 30-365-15 | Nepal Bank ltd., Panchkhal Branch<br>12403000001001000001<br>**(ग१.१ पाँचखाल न. पा.,**<br>**आन्तरिक राजश्व खाता** )(for bid fee)<br>12403000003000000001 (for bid security) धरौटी खाता | on or before 12:00 Noon on 2080/02/10 | 2080/02/10 at 1:00 PM,<br>at the office of Panchkhal Municipality. | 45/75 |

Eligible Bidders may obtain further information at the office of ***Panchkhal Municipality, Panchkhal,*** ***panchkhal.municipality@gmail.com, 011499453 or*** may visit PPMO website www.bolpatra.gov.np/egp.

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२६ वैशाख २०८०, मंगलबार
9 May 2023, Tuesday

## सम्पादकीय

# वास्तविकता कि सार्वजनिक खपत ?

प्रतिनिधिसभाका सभामुखले बोल्ने समय नदिएको भन्दै स्वतन्त्र सांसद अमरेशकुमार सिंह प्रतिनिधिसभा बैठकमै अर्धनग्न बने । सोमबारको बैठकमा सिंहले शरीरको माथिल्लो भागको लुगा खोलेपछि दिनभर आमचर्चाको विषय बन्यो । सिंहले लुगा खोल्नुको प्रष्टोक्ति दिदै आफूले नक्कली भुटानी शरणार्थीबारे कुरा राख्न चाहेपनि समय नदिइएपछि लुगा खोल्न बाध्य भएको बताएका छन् । सिंहलाई लुगा खोलेर संसदीय गरिमा र कार्यविधि बाहिर नजान सभामुख देवराज घिमिरेले पटकपटक चेतावनी दिएका थिए । सभामुख घिमिरेको चेतावनीपछि सिंहले लुगा लगाएर संसदमा प्रष्टोक्ति दिएका हुन् । कतिपयले सिंहको यस्तो शैलीप्रति आपत्ति जनाएका छन् भने कतिपयले साथ दिएका छन् । संसद बैठकमै पनि केही सांसदहरूले यस्तो शैलीप्रति आपत्ति जनाएका थिए ।

नेपालको संसदीय इतिहासमा लुगा खोलेर कुनै सांसदले विरोध जनाएको संभवतः यो पहिलो घटना हो । संसारका अरू कतिपय संसदीय इतिहासमा लुगा खोलेर सांसदले आफूलाई प्रस्तुत गरेका दृष्य देख्न पाइन्थ्यो । तर नेपालमै भने त्यस्तो शैलीमा सांसदले आफूलाई प्रस्तुत गर्नुपर्ने आवश्यकता परेको थिएन । सांसदमा तोडफोड, घेराऊ र नाराबाजीसम्मका घटना देखिएको थियो । विषेशगरी सत्तारूढले बहुमतको आधारमा पेलेर कुनै एजेण्डा अगाडि बढाएको अवस्थामा प्रतिपक्षी सांसदहरूले नाराबाजी, रोष्टम घेराऊ र तोडफोडमा समेत उत्रिएको पाइन्छ । तर स्वतन्त्र सांसदले बोल्न नपाएको भन्दै अर्धनग्न बनेको घटना थिएन । किनकि संसदमा कुनैपनि सांसदले चाहेका बेला बोल्न पाउथे । सांसदले चाहेका बेला बोल्न पाउनु नेपालको पञ्चायतीकालमा समेत पाउथे । बहुदलीय लोकतन्त्र र गणतन्त्रमा पनि त्यस्तो संस्कृतिले निरन्तरता पाएको थियो ।

तर सांसद सिंहले आफुले बोल्नलाई अर्धनग्न नै हुनुपरेको तर्क आफै पुष्टि गर्लान् । घटनाक्रमले भने उनको दावी पुष्टि हुन मुस्किल पर्छ । किनकि संसद शुरू भएको पहिलो दिन आइतबार नै सिंहले आफ्नो कुरा राखेका थिए । सोमबार पनि बोल्न पाएका छन् । तसर्थ अर्धनग्न हुनुपर्ने तहको परिस्थितिमा संसद पुगे वा नपुगेकोबारे आवश्यक विमर्श हुने नै छ । तर यो तहको अवस्था संसदमा आउनु भनेको गम्भीर समीक्षाको विषय हो । किनकि संसद जनप्रतिनिधिहरूले आमनागरिकको विचार प्रकट गर्ने स्थल हो । त्यहाँ हुने गतिविधि र निर्णय समाजका निम्ति कतिपय बाध्यकारी र कतिपय अनुकरणीय हुन्छन् । तसर्थ सांसदहरूले आवश्यकतामा आधारित अभिव्यक्ति संसदमा प्रकट गर्नुपर्नेछ । तर त्यसको साटो सार्वजनिक खपटका निम्ति मात्रै सांसदहरू देखिने प्रवृत्ति चाहिँ संसदीय गरिमाकै निम्ति समेत उचित हुनेछैन ।

# डिजिटल युग र नेपाल

**आइसिटीका बहुपक्षीय आयाममाथि जति छलफल गरे पनि कम हुन्छ । अझ हाम्रो जस्तो कमजोर आइसिटी भएको देशमा त यी विषयमा छलफल चलाउन, अनुभव साट्न र सीप-ज्ञान हासिल गर्न कुनै विषेश दिन कुर्नु उचित होइन ।**


अग्रलेख



● नारायणप्रसाद घिमिरे

नेपालमा छैटौँ सूचना तथा सञ्चार प्रविधि दिवस (आइसिटी डे) केही दिनअघि मनाइयो । सरकारी निकाय र सूचना प्रविधिका क्षेत्रमा काम गर्ने विभिन्न निजी संघसंस्थाले यो दिवस विशेष महत्वका साथ मनाएका छन् । कतिपय नागरिक संस्थाले अझै पनि सूचना तथा प्रविधि क्षेत्रका जल्दाबल्दा विषयमा अनेका बहस गरिरहेकै छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले हालै सार्वजनिक गरेको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० को मस्यौदामा विभिन्न क्षेत्रबाट आफ्ना सरोकारका विषयमा मन्त्रालयको ध्यानाकर्षण गराउनेक्रम पनि जारी छ ।

यस पटकको आइसिटी डे विशेष पृष्ठभूमिमा मनाइएको छ । विशेष यो अर्थमा कि हाल नेपालमा कानुन निर्माणका लागि नयाँ संसद् छ । नयाँ साइबर सुरक्षा नीतिको मस्यौदा सार्वजनिक भई पृष्ठपोषणका क्रममा छ । अघिल्लो संसद्मा पेस भए पनि टुङ्गोमा नपुगेको विधेयक जस्तै आइसिटी विधेयक पुनः मस्यौदा गरी संसद्मा पेस गर्नुपर्नेछ । साथै, केही समयदेखि देशमा साइबर आक्रमण र साइबर अपराधका अनेक घटना बढेर गएका समाचार आएका छन् । यही पृष्ठभूमिका यी विविध पक्षलाई नियाल्दा नेपालमा आइसिटी विषय अत्यन्त पेचिलो बन्दै गएको स्पष्ट हुन्छ । यसको अर्थ समयसँगै तीव्र गतिमा विकसित हुने आइसिटीको ज्ञान, यस क्षेत्रमा सीप र क्षमता विकास र यसको बहुपक्षीय आयामलाई उचित अभ्यासमार्फत् समाज र राष्ट्र निर्माणका लागि बृहत् बहस गर्न अब ढिलो गर्नै हुँदैन । अन्य मुलुकले चौथो औद्योगिक क्रान्तिबाट भरपुर फाइदा लिइरहेका बेला नेपाल भने वामे सर्ने अवस्थामा रहिरहनु दुःखको कुरा हो ।



आइसिटीका बहुपक्षीय आयाममाथि जति छलफल गरे पनि कम हुन्छ । अझ हाम्रो जस्तो कमजोर आइसिटी भएको देशमा त यी विषयमा छलफल चलाउन, अनुभव साट्न, र सीप र ज्ञान हासिल गर्न कुनै विषेश दिन कुर्नु उचित होइन । बुझाइ सहजताका लागि यस आलेखमा 'आइसिटी' शब्दमा इन्टरनेट, साइबर र डिजिटल तीनवटै क्षेत्रका विषयलाई संकेत गरिएको छ । इन्टरनेट, साइबर र डिजिटल यी तीन शब्द केही फरक भए पनि कतिपय ठाउँमा यी शब्द एकै अर्थ लाग्ने गरी प्रयोग गरेको पनि पाइन्छ । यो आलेखले आइसिटी प्राविधिक पक्षभन्दा पनि सामाजिक र आर्थिक पक्षसँग चर्चा गर्ने भएकाले यी शब्दको परिभाषाको खोजी गरिएको छैन । बुझाइ सहजताका लागि यस आलेखमा 'आइसिटी' शब्दमा इन्टरनेट, साइबर र डिजिटल तीनवटै क्षेत्रका विषयलाई संकेत गरिएको छ । इन्टरनेट, साइबर र डिजिटल यी तीन शब्द केही फरक भए पनि कतिपय ठाउँमा यी शब्द एकै अर्थ लाग्ने गरी प्रयोग गरेको पनि पाइन्छ । यो आलेखले आइसिटी प्राविधिक पक्षभन्दा पनि यसलाई मानवअधिकारको पक्षसँग जोडेर चर्चा गरिएकाले यी शब्दको परिभाषाको खोजी गरिएको छैन । जे होस्, आइसिटी तीव्र गतिमा विकसित हुने विषय भएकाले सोहीअनुरुप हाम्रो अवधारणा पनि परिवर्तन हुनु स्वाभाविक हो । त्यसैगरी, यसको अवसरको उपयोग र नकारात्मक पक्षको नियन्त्रणका लागि उचित क्षमता विकासमा जोड दिनु आवश्यक छ । हाम्रा आइसिटी व्यवहार कानुनी दायराभन्दा बाहिर हुन सक्दैनन् । इन्टरनेट र यसका पूर्वाधारको क्रमिक विस्तारसँगै नेपालमा पनि हाम्रा दैनिक क्रियाकलाप दिन प्रतिदिन डिजिटल स्पेसमा बढ्दै गएका छन् । नेपाल दूरसञ्चार प्राधिकरणको अद्यावधिक म्यानेजमेन्ट इन्फर्मेसन रिपोर्ट (एम्आइएस्)अनुसार नेपालमा जनसंख्याको १३१.५१ प्रतिशतमा ब्रोडब्यान्ड इन्टरनेटको पहुँच छ । यसले गर्दा डिजिटल स्पेसमा नेपालीहरुको उपस्थिति ह्वात्तै बढेको छ । नेपालमा एक करोड ३० लाख बढी फेसबुक प्रयोगकर्ता र १५ लाख बढी ट्विटर प्रयोगकर्ता छन् भन्ने अनुमान छ । हाम्रा लागि पैसाको कारोबार, सरकारी सेवा, पढाइ सिकाइ, स्वास्थ्य परामर्श, तथा राइड सेयरिङ सर्भिसलगायतका लागि कैयौं एप्स, वेबसञ्जाल सञ्चालनमा छन् । यी आइसिटी क्षेत्रका महत्वपूर्ण उपलब्धि हुन् । सूचना प्रविधिले सिर्जना गरेको अवसरको सदुपयोग र चुनौतीको सामना गर्न हामीलाई उचित नीति, कानुन, संस्था र अभ्यास चाहिन्छ । यस्ता विषयको सही सम्बोधनका लागि बहुसरोकारवालासँग सहकार्य हुनुपर्दछ । यी विषयको सही सम्बोधनका लागि बहुसरोकारवालासँग सहकार्य हुनुपर्दछ । कानुन निर्माणको तह संसद्, विषय विज्ञ, कर्मचारी प्रशासन, निजी क्षेत्र, प्राविधिक पक्ष, नागरिक समाज, विश्वविद्यालय यसका सरोकारवाला हुन् । यस हिसाबले इन्टरनेट विस्तार र प्रयोग गर्ने सबै पेशाका मानिस नै यस विषयका सरोकारवाला हुन् । अतः सरकारले आइसिटी/डिजिटल/साइबर/इन्टरनेटसम्बन्धी नीति र कानुन यी माथिका सरोकारवालाको अर्थपूर्ण सहभागितामा बनाउँदा प्रभावकारी हुन्छ ।

